# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२ ५६०२४३ ५६१२६८ ५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np


प.सं.: २०७८/०७९ मितिः २०७९/०३/१२
च.नं.: ६२८३

**विषय : नागरिकता सिफारिस सम्बन्धमा ।**

श्री १९ वटै वडा कार्यालय,

घोराही उपमहानगरपालिका, दाङ ।

प्रस्तुत विषयमा तहाँ वडा कार्यालयहरुबाट नयाँ नागरिकता र प्रतिलिपी सिफारिस दिंदा कतिपय कागजातहरु अपुग हुन गई सेवाग्राहीहरु फर्कनुपर्ने हुँदा सेवाग्राहीहरु मर्कामा पर्ने भएकोले नयाँ नागरिकता र प्रतिलिपी सिफारिस दिंदा तपसिल बमोजिम हुनेगरी सिफारिस गर्नका लागि सबै वडा कार्यालयहरुमा पत्राचार गरिदिनुहुन भनि जिल्ला प्रशासन कार्यालयको च.नं. ६०६१, मिति २०७९।०३।०९ को पत्रबाट लेखि आएको हुँदा अब उपरान्त नयाँ नागरिकता तथा प्रतिलिपीको सिफारिस गर्दा तपसिलमा उल्लेखित कागजातसहित सिफारिस गर्न गराउन जानकारी गराइन्छ ।

**तपसिल**

१. हालसालै खिचेको मुखाकृती नबिग्रेको पछाडिको दृश्य सादा रहेको तथा कपडामा कुनै संकेत नरहेको दुबै कान देखि २.५X३ से.मि.को फोटो हुनुपर्ने ।

२. जन्मदर्ताको प्रमाणपत्रको साथमा शैक्षिक योग्यता प्रमाणपत्र अनिवार्य पेश गर्ने ।

३. सिफारिस कर्ताको नाम र पदको विवरण स्पष्ट हुनुपर्ने ।

४. का.वा.दिएको हकमा अनुसूचीको साथमा का.वा. दिएको पत्र समावेश हुनुपर्ने ।

५. संशोधित नागरिकताको प्रतिलिपीको सिफारिसको साथमा किटानी सिफारिसमा समेत संलग्न हुनुपर्ने ।

बालकृष्ण खनाल
अधिकृत सातौ

बालकृष्ण खनाल
अधिकृत सातौ

**बोधार्थ**

श्री जिल्ला प्रशासन कार्यालय, घोराही दाङ ।